म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष ११, अंक १५३ सोमबार, २६ पुस २०७८ अष्टमी ने. सं. ११४२ पोहेलाथ्व 10 January, 2022 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा

www.sajhakuranews.com राष्ट्रिय दैनिक

अब महिलाहरुको लागि महिला रोग विशेषज्ञ
**डा. ज्योति मुडवरी** मात्र देउराली फर्मामा
**त्यसैले आज नै सम्पर्क गरौ**
सम्पर्क: देउराली फर्मा
फोन: ०५७-२५८६३, ९८६५०१२५८८
९८४५८८३५३३
साथै हामीकहाँ दैनिक हार्ड जोर्नी तथा नशा रोग विशेषज्ञ डाक्टरको पनि उपलब्ध छ ।

# लम्सालको उम्मेदवारी कायमै रहँदा श्रेष्ठ अध्यक्ष घोषणा

## एमाले मकवानपुरमा विवाद



साझाकुरा संवाददाता

हेटौंडा/नेकपा एमाले मकवानपुरको नयाँ नेतृत्वको चयनलाई लिएर विवाद सुरु भएको छ । कानुन विपरित जिल्ला कमिटी घोषणा गरेको भन्दै विवाद भएको हो ।

एमाले मकवानपुरको ११ औं जिल्ला अधिवेशनबाट सर्वसम्मतमा पदाधिकारीसहित सदस्य चयन गरिएको निर्वाचन मण्डलले आइतबार बिहान हेटौंडा-४, स्थित पार्टी कार्यालयमा घोषणा गरेका थियो ।

एमाले मकवानपुरले अध्यक्षमा एकालाल श्रेष्ठ चयन भए । उपाध्यक्षमा लालबहादुर थापा, सचिवमा नवीन सिग्देल, उपसचिव (खुल्ला)मा हिदम लामा र उपसचिव (महिला)मा सिता विष्ट सर्वसम्मतले चयन भएको निर्वाचन मण्डलका अध्यक्ष रामेश्वर रानाले घोषणा गरे ।

तर, अध्यक्ष पदका प्रतिद्वन्द्वी उम्मेदवार बद्री लम्सालले भने सहमति नै नगरी उम्मेदवारी कायमै रहेको अवस्थामा सर्वसम्मत बाट नयाँ कमिटी टुंगिएकोप्रति आपत्ति प्रकट गरेका छन् । लम्सालले घरमै बसेर अध्यक्षमा श्रेष्ठ चुनिएको खबर पाएको प्रतिक्रिया दिएका छन् ।

'आइतबार बिहान सम्म अझै सहमतिको प्रयास हुन्छ भन्ने थियो । म घरमै थिएँ, उता अध्यक्ष नै टुंगिएछ ।,' लम्सालले सुनाए । उम्मेदवारी नै फिर्ता नलिई कसरी सर्वसम्मती भयो भन्दै लम्सालले प्रश्न गरेका छन् । 'मेरो अध्यक्षमा उम्मेदवारी थियो । मलाई कसैले उम्मेदवारी फिर्ता लिन अनुरोधपनि गरेको छैन् । मैले उम्मेदवारी कायमै राखेको छु तर, सर्वसम्मत चाँही कसरी भयो ?,' उनले भने ।

सर्वसम्मतीको नाममा आफूमाथि अन्याय भएको लम्सालको भनाई छ । उनले सर्वसम्मती नै नभएको ठाउँमा सर्वसम्मत भयो भनेर नाम पढ्ेर घोषणा गर्नु उचित नभएको बताए ।

निर्वाचन सम्बन्धि कानुनी प्रक्रिया नै पूरा नगरी सर्वसम्मती भनिएकोले आफू कानुनी उपचारमा जाने लम्सालको भनाई छ । उनले कानुनी उपचारमा जान छलफल गरिरहेको बताए । अध्यक्षमा श्रेष्ठ र लम्सालले दावी नछोडेपछि सहमति हुन नसक्दा शनिवार दिउसो ४ बजे निर्वाचन प्रक्रिया स्थगित गरिएको थियो ।

निर्वाचन मण्डलका अध्यक्ष एमालेका मकवानपुर इन्चार्ज रामेश्वर रानाले निर्वाचनको सबै प्रक्रिया पूरा गरेर प्रक्रियागत ढंगबाट नेतृत्व चयन भएको जानकारी दिए । उनले उम्मेदवारहरुबीच आपसी समझदारीमा पदाधिकारी र सदस्य टुंग्याएको जनाएका छन् । निर्वाचन अधिकृत अर्जुन अर्यालले भने निर्वाचन प्रक्रियामा निर्वाचन मण्डल सर्वोच्च हुने भन्दै निर्वाचन मण्डलको अध्यक्षको निर्देशनअनुसार काम गरेको जानकारी दिएका छन् । उनले अध्यक्ष मण्डलले निर्वाचन स्थगित गर्न निर्देशन दिएपछि सोही अनुसार निर्वाचन प्रक्रिया स्थगित गरेको जानकारी दिए ।

निर्वाचन समितिले आइतबार बिहान ८ बजेदेखि मतदान हुने जानकारी नेता र कार्यकर्तालाई गराएको थियो । अध्यक्षका उम्मेदवार लम्साल र श्रेष्ठले अघोषित रुपमा प्यानल नै बनाएर निर्वाचनमा होमिएका थिए । सहमति नहुने छाँटकाँट देखिएपछि लम्साल र श्रेष्ठले प्यानल नै बनाएर निर्वाचनमा जाने सक्ने तयारी गरेका थिए ।

लम्सालको प्यानलबाट उपाध्यक्षमा लालबहादुर थापा, सचिवमा नवीन सिग्देल र उपसचिवमा हिदम लामा र सिता विष्टले उम्मेदवारी दिएका थिए । श्रेष्ठको प्यानलबाट उपाध्यक्षमा गोपाल श्रेष्ठ, सचिवमा सुनिल मोक्तान र उपसचिवमा मदन दहाल र पार्वती राना थिए ।


उपसचिव (महिला)मा उम्मेदवारी दिएकी पार्वती रानाले पनि पार्टी नेतृत्वप्रति असन्तुष्टी पोखेकी छन् । उनले सर्वसम्मतीको नाममा टिके प्रथा भएको भन्दै नेतृत्वप्रति गुनासो गरिन् ।

जिल्लामा निर्वाचन नचाहेका नेताहरुले सर्वसम्मती गराउने 'सेटिङ'मा शनिवार दिउँसो नै निर्वाचन प्रक्रिया स्थगित गरेको आरोप लगाइएको छ । निर्वाचक समितिले भने आइतबार बिहानै मतदानको तयारी सक्काएको थियो ।

५ पदाधिकारीसहित जिल्ला सदस्यहरुमा सहमती हुन नसकेको क्लस्टरहरुमा चुनाव गर्ने तयारी भएको थियो । चुनावको लागि मतपत्र छपाइ भइसकेको थियो भने मतपत्र तयारी अवस्थामा राखिएको समितिले जनाएको छ ।

# दिव्यतारा अध्यक्षमा लामा, डिना बनिन् संरक्षक

साझाकुरा संवाददाता



हेटौंडा/जिल्लाकै अग्रणी सहकारी संस्था दिव्यतारा बहुउद्देश्यीयको अध्यक्षमा डा. गणेशबहादुर बल लामा चयन भएका छन् ।

सहकारीको २३ औं वार्षिक साधारणसभाले लामालाई अध्यक्षमा चयन गरेको हो । भीमफेदीको धोर्सिङमा १५ जेठ २००३ सालमा जन्मिएका लामा मकवानपुरको तामाङ समुदायबाट विद्यावारिधी गर्ने पहिलो व्यक्ति हुन् ।

उनले रुसबाट सन् १९८७ मा बायोलोजी र फिजिक्समा विद्यावारिधी गरेका थिए । बायोलोजी र फिजिक्समा पिएचडी गर्ने लामा मकवानपुरका पहिलो व्यक्तिपनि हुन् । जिल्लाकै पहिलो सामुदायिक क्याम्पस मकवानपुर बहुमुखीका प्राध्यापकसमेत रहेका लामाले सहकारीमा संस्थापन कालदेखि नै उपाध्यक्षको जिम्मेवारीमा रहेर काम गरेका थिए ।

सहकारीमा लामो समय अध्यक्ष भएकी महालक्ष्मी उपाध्याय डिना संस्थापक संरक्षक भएपछि लामालाई शनिवार भएको साधारणसभाले अध्यक्षमा चयन गरेको हो । सहकारीलाई जिल्लाकै अग्रणी सहकारी बनाउन डिनाले महत्वपूर्ण भूमिका निर्वाह खेलेकी थिइन् । उनलाई साधारणसभाले सहकारीको विधान संशोधन गरेर संस्थापक संरक्षक बनाएको छ । अध्यक्ष चुनिएका लामाले आफ्नो कार्यकालमा सहकारीमा आवद्ध सदस्यहरुको आर्थिक उन्नतीको लागि प्रतिबद्धत भएर काम गर्ने बताएका छन् । सहकारीलाई उत्पादनको क्षेत्रमा अझै बढी उपस्थिति गराउने लामाको भनाई छ ।

साधारणसभाले सहकारीको उपाध्यक्षमा गणेशप्रसाद भेटवाल, सचिवमा इश्वर पण्डित, कोषाध्यक्षमा ज्ञानेन्द्र बर्तौला, सहसचिवमा निलम बजगाई देवकोटालाई चयन गरेको थियो । सदस्यहरुमा लक्ष्मी श्रेष्ठ, बालगोपाल कँडेल, माधवप्रसाद न्यौपाने, शर्मिला डंगोल, दिनेश उपाध्याय, लालबहादुर श्रेष्ठ, गणेशकुमार पौडेल र सुनिलकुमार बानियाँ चयन भएका हुन् । यसैगरी लेखा समिति संयोजकमा प्रकाश खतिवडा र सदस्यमा राजकुमार न्यौपाने र सुनिता श्रेष्ठ हाडा चयन भएका छन् ।

दिव्यतारा बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडले गत आर्थिक वर्ष २०७७/०७८ मा मात्रै ९१ करोड ३२ लाख रुपैयाँ ऋण लगानी गरेको थियो । हेटौंडा-२, पल्पसारोडमा रहेको सहकारीमा ८ हजार ७ सय ८६ जना शेयर सदस्य छन् । सहकारीको सेयर पुँजी ११ करोड ४९ लाख, ५१ करोड ४२ लाख बचत संकलन रहेको छ । सहकारीले मकवानपुरभित्र विभिन्न पालिका र जिल्ला बाहिरपनि सेवा केन्द्र सञ्चालन गरेर शेयर सदस्यहरुलाई सेवा प्रदान गर्दै आइरहेको छ ।

# मोतियाबिन्दुका ६८ बिरामी

साझाकुरा संवाददाता

हेटौंडा/रोटरी क्लब अफ मकवानपुर, रोटरी क्लब अफ काठमाडौं मिड टाउन र हेटौंडा सामुदायिक आँखा अस्पतालको संयुक्त आयोजनामा भएको आँखा शिविरमा मोतियाबिन्दुका ६८ जना बिरामी फेला परेका छन् ।

मकवानपुरको बकैया गाउँपालिका-१२, ठिंगन र सर्लाही जिल्लामा आयोजित नि:शुल्क आँखा शिविरमा मोतियाबिन्दु भएका ६८ जना बिरामी भेटिएका हुन् ।

ठिंगनमा आयोजित शिविरमा ७८ जनाको आँखा परीक्षण गर्दा १४ जनामा मोतियाबिन्दुका विरामी पहिचान भएको रोटरी क्लब अफ मकवानपुरका निर्वाचित अध्यक्ष कृष्णबहादुर कार्कीले जानकारी दिए । सर्लाहीमा आयोजित शिविरमा एक सय ८६ जनाको आँखा परीक्षण गर्दा ५४ जनामा मोतियाबिन्दुको समस्या पाइएको हो ।

# प्रमुख सचिव शर्माको सरुवा

साझाकुरा संवाददाता



हेटौंडा/बागमती प्रदेश सरकारका प्रमुख सचिव किरणराज शर्माको सुरुवा भएको छ । उनलाई सरकारले रक्षा मन्त्रलायमा सरुवा गरेको हो ।

सरकारले बागमतीका प्रमुख सचिव शर्मासहित ६ जना सचिवको सुरुवा गरेको हो । मन्त्रिपरिषद्को अघिल्लो बैठकले सचिवहरुको सुरुवा गरेपनि हालसम्म गोप्य राखिएको पाइएको छ । बागमतीसहित दुई प्रदेशका प्रमुख सचिवलाई सिंहदरवारमा सरुवा गरिएको छ । दुईजना प्रमुखसहित ८ जना विशिष्ठ श्रेणीका कर्मचारीको एकैपटक सरुवा भएको छ ।

प्रदेश २ का प्रमुख सचिव हरिप्रसाद मैनालीलाई महिला बालवालिका तथा जेष्ठ नागरिक मन्त्रालयको सचिवमा, रिक्त रहेको प्रदेश २ सरकारको प्रमुख सचिवमा भर्खरै सचिव बढुवा भएका कृष्ण बहादुर राउत, महिला मन्त्रलायको सचिव रहेकी यामकुमारी खतिवडालाई प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा स्वास्थ्य मन्त्रालयको प्रशासनतर्फको सचिवमा सरुवा गरिएको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले जानकारी दिएको छ ।

सुदूरपश्चिम प्रदेशका प्रमुख सचिव मधुसुदन बुर्लाकोटीलाई प्रधानमन्त्री कार्यालयको अतिरिक्त समूहमा तानिएको छ । सुदूरपश्चिम प्रदेशमा प्रमुख सचिव रिक्त रहेको छ । राष्ट्रिय पुनर्निमाण प्राधिकारका सचिव सुशीलचन्द्र तिवारीको राष्ट्रिय सतर्कता केन्द्रमा सरुवा भएको जनाइएको छ ।

# एकीकृत प्रगतिशील समूहले जित्ने दाबी

साझाकुरा संवाददाता

हेटौंडा/नेपाल इन्जिनियर्स एशोसिएसनको आगामी माघ ७ गते हुने निर्वाचनमा एशोसिएसनको ३३ औं केन्द्रीय कार्यकारिणी समिति र बागमती प्रदेशको दोस्रो कार्यकारिणी समितिको निर्वाचनको तयारी अघि बढाइएको छ ।

आइतबार हेटौंडामा आयोजित कार्यक्रममा उम्मेदवारहरुले परिचयसंगै चुनावी घोषणापत्रसमेत सार्वजनिक गरेका छन् । नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी र जनता समाजवादी पार्टीको शुभेच्छुक इन्जिनियर्सहरुले एकीकृत प्रगतिशील इन्जिनियर्स समूह नामक चुनावी प्यानल बनाई जित्ने दाबी गरेका छन् ।

प्यानलबाट केन्द्रीय सभापति र बागमती सभापतिको उम्मेदवारहरुमा क्रमश डा. हरिराम पराजुली र गिरीधर मिश्र छन् ।

एशोसिएसनको केन्द्रीय उपाध्यक्षमा आन्हसला तुलाधर, महासचिवमा डा. शंकर ढकाल, उपमहासचिवमा डा. समित थापा, कोषाध्यक्षमा इ. श्याम नारायण चौधरी, सह कोषाध्यक्षमा इ. स्मिता भट्ट प्यानलबाट उम्मेदवार रहेका छन् ।

त्यस्तै बागमती प्रदेशतर्फ उपाध्यक्षमा इ. शिवप्रसाद भण्डारी, सचिवमा इ. अमरचन्द्र निरौला, सह सचिवमा इ. कमल पोखरेल र कोषाध्यक्षमा इ. उमेशजंग थापा उम्मेदवार छन् । परिचयात्मक कार्यक्रममा केन्द्र र बागमती प्रदेशका विभिन्न पदका उम्मेदवारहरुको उपस्थिति रहेको थियो ।

एकीकृत प्रगतिशील इन्जिनियर समूह प्रचार प्रसार समितिको आयोजनामा भएको कार्यक्रममा बागमती प्रदेश मुख्यमन्त्री कार्यालयका प्रमुख स्वकीय सचिव उमेश रुपाखेतीले अध्यक्षतामा भएको कार्यक्रममा आयोजकको तर्फबाट इन्जिनियर रविन पाठकलले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

कार्यक्रमलाई सम्बोधन गर्दै बागमती प्रदेश आर्थिक मामिला तथा योजनामन्त्री शालिकराम जम्मकट्टेलले देश विकासमा इन्जिनियरहरुको भूमिका महत्वपूर्ण हुने बताए ।

मुलुकका हरेक क्षेत्रमा निर्माण गरिने भौतिक संरचना, विकास निर्माणका आयोजना र त्यसको, गुरु योजना, विस्तृत परि योजनालगायतमा इन्जिनियरहरुको विशेष भूमिका हुने भन्दै इन्जिनियर बिना समृद्ध नेपालको कल्पना गर्न नसकिने बताए ।

कार्यक्रममा सामाजिक विकासमन्त्री कुमारी मोक्तान, खानेपानी उर्जा तथा सिंचाई मन्त्री बसन्त मानन्धरले इन्जिनियरहरुले कुनै लोभ लालचमा नपरी आफ्नो पेशाप्रति प्रतिवद्ध भएर काम गर्नुपर्ने सुझाव दिए ।

**हार्दिक बधाई**



मेरो आत्मीय दाजु, समाजसेवी, अग्रज व्यक्तित्व **डा. गणेश बल लामा** दिव्यतारा बहुउद्देश्यीय सहकारी संस्थाको अध्यक्ष जस्तो गरिमामय पदमा निर्विरोध चयन हुनु भएकोमा सफल कार्यकालको हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु ।

**सबिन न्यौपाने (अध्यक्ष)**

**हेटौंडा उपमहानगरपालिका वडा नं. १**




**Times AutoHub, Hetauda**

फोन नं: ९८५५०६७८४० /०५७-५२०६१०

साझाकुरा

## हाम्रो कुरा

# शिक्षा सुधार कहिले ?

सामुदायिक विद्यालयमा देखिएको विविध समस्या र उचित व्यवस्थापनको कमीका कारण निजी विद्यालयको तुलनामा सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर कमजोर मान्ने गरिएको छ । सामुदायिक विद्यालयले आशातित सफलता हासिल गर्न नसक्नुमा सम्बन्धित प्रधानाध्यापक, शिक्षक, विद्यार्थी, अभिभावक, विद्यालय व्यवस्थापन समिति, स्थानीय तह र राज्यका शैक्षिक प्रशासनिक संयन्त्र सबैलाई जिम्मेवार मान्नुपर्छ । परिवर्तित सन्दर्भमा विद्यालय शिक्षासँग प्रत्यक्ष सम्बन्ध राख्ने शिक्षक र विद्यालय व्यवस्थापनको जिम्मा पाएका स्थानीय तहका पदाधिकारीबीच उचित समन्वय हुन सकेमा सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धिमा सहयोग पुग्ने आशा गर्न सकिन्छ । जबसम्म सामुदायिक बिद्यालय बलियो बनाउन सकिँदैन, तबसम्म विद्यालय शिक्षामा सुधार हुँदैन । हरेक स्थानीय तहले प्रभावकारी शिक्षा ऐन, नियम तर्जुमा गरी विद्यालय शिक्षामा पर्याप्त बजेटको व्यवस्थासँगै उचित व्यवस्थापन गर्न सकेनन् भने अबको शिक्षा झनै खस्कन सक्छ ।

सामुदायिक विद्यालयका शिक्षकले उच्च मनोबलका साथ आफ्नो क्षमता उपयोग गर्ने वातावरण बनाउँदै शैक्षिक सुधारको सुरुवात शिक्षकबाटै गराउन स्थानीय तहका जनप्रतिनिधि गम्भीर बन्नु आवश्यक छ । अहिले मुलुकमा पुरानो राज्य ब्यवस्थाको अन्त्य भई पुनरसंरचना सहितको नयाँ संघीय व्यवस्था कार्यान्वयनमा आइसकेको छ । देशमा उपल्लो तहदेखि तल्लो तहसम्मका संरचनाहरु बदलिएका छन् । देशका सबैजसो निकाएको सञ्चालन, व्यवस्थापन, संरक्षण र प्रबर्द्धनको काम स्थानीय तहमा आएको छ । लामो समयको संक्रमणकालपछिको निर्वाचनपछि राज्य व्यवस्था फेरबदलका कारण यतिबेला सबैखाले ब्यस्थापनको जिम्मा पाएको स्थानीय तहलाई आफ्नो कार्यसम्पादन गर्न हम्मेहम्मे परिरहेको छ ।

विशेषगरी आवश्यक जनशक्ति र कानूनको अभावमा स्थानीय तहले प्रभावकारी काम गर्न सकिरहेको छैन । विगतमा सरकारका शैक्षिक प्रशासनबाट उपेक्षित बनेका सामुदायिक विद्यालयको अवस्था स्थानीय तहको जिम्मामा आएपछि पनि उस्तै देखिएका छन् । सामुदायिक विद्यालयहरुको विद्यार्थीको सिकाईमा सुधार, गुणस्तर वृद्धि र शिक्षकको व्यवस्थापन मुख्य चुनौतीको रुपमा देखिएको छ । कतिपय विद्यालयमा आवश्यक शिक्षक दरबन्दी छैन भने कतिपयमा आवश्यकताभन्दा बढी शिक्षक दरबन्दी छन् । माध्यमिक तहसम्मको शिक्षा नि:शुल्क भनिए पनि व्यवहारमा लागू हुन सकेको छैन । महंगो शुल्क असुलेर शिक्षा दिइरहेका निजी विद्यालयका हरेक पक्षसँग सामुदायिक विद्यालयले प्रतिस्पर्धा गर्नु परिरहेको छ । घट्दो विद्यार्थी र नि:शुल्क शिक्षाका कारण सामुदायिक विद्यालय सञ्चालन तथा व्यवस्थापनमा कठिनाई उत्पन्न भइरहेका छन् । घट्दो दरको शिक्षा बजेटलाई स्थानीय तहले कसरी परिचालन गर्ने हो भन्ने चिन्ता अर्कोतिर देखिएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९११४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक


## भोलिको पात्रो

भोलि वि.सं. २०७८ पुस २७ गते मंगलबार ११ जनवरी २०२१ । पुस शुक्ल नवमी । पोहेलाथ्व नवमी ११४१ । सूर्योदय ६:५५ र सूर्यास्त ५:२६ मा हुनेछ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : अध्ययनमा बाधा | तुला | : आफन्तजन भेट |
| वृष | : धन प्राप्ति | वृश्चिक | : भित्रजन भेट |
| मिथुन | : शत्रुबाट मुक्त | धनु | : प्रेममा सफलता |
| कर्कट | : धन नष्ट | मकर | : शुभ कार्यको थालनी |
| सिंह | : मिष्ठान्न भोजन | कुम्भ | : सुख प्राप्ति |
| कन्या | : आलश्यता | मीन | : यात्राको योग |

# सात खर्बको बेरुजु र लेखा समिति



सोमबहादुर थापा

संसदीय पद्धतिमा सार्वजनिक लेखा समितिको काम सरकारी संयन्त्रमा स्वच्छता, पारदर्शिता, नियमितता, व्यवस्थितता र जवाफदेहिता अभिवृद्धि गर्नु हो । सँगै सरकारलाई संसद्प्रति उत्तरदायी बनाउनु हो । तर, तीन तहका सरकारले लेखा समितिलाई कहिल्यै पनि सकारात्मक ढंगले हेरेको पाइँदैन । सार्वजनिक लेखा समिति कमजोर हुनु भनेको अनियमितता-बेरुजु बढ्नु हो । सँगै सरकारी साधन र स्रोतको हिनामिना तथा दरुपयोग र भ्रष्टाचारलाई प्रोत्साहन गर्नु हो । लेखा समिति निष्क्रिय हुनु भनेको खराब शासनलाई आमन्त्रण गर्नु हो । तीनै तहमा भइरहेको स्थिति यही हो भन्नु अन्यथा नहोला ।

अझ २०७२ संविधानपछि स्थानीय तहमा अधिकार र बजेट प्रशस्त गएको छ । जसको नियमित, व्यवस्थित, अनुशासित, दक्ष, पारदर्शी र जवाफदेही बनाउनैपर्ने परिस्थिति छ । कानुनत: स्थानीय तहमा सार्वजनिक लेखा समितिको व्यवस्था छ । स्थानीय सरकार सञ्चालनसम्बन्धी कानुन २०७४ मा लेखा समितिको गठन, काम कर्तव्य र अधिकार तथा बेरुजु, फर्छ्यौट गर्ने अधिकार उसलाई दिइएको छ । त्यस अतिरिक्त अनियमितता नियन्त्रण गर्ने, सार्वजनिक साधन र स्रोतको हिनामिना तथा दुरुपयोग र भ्रष्टाचार नियन्त्रणमा गर्नेमा यसको भूमिका छ । यद्यपि त्यससम्बन्धी कार्यविधि के/कस्तो हुने भन्ने सम्बन्धमा ठोस नीति र विधि बनेको छैन । धेरै स्थानीय तहमा त सार्वजनिक लेखा समिति गठन हुन सकेको समेत देखिँदैन । गठन भएकामा स्थानीय तहमा प्रभावकारी रूपमा काम भएको पाइँदैन ।

अर्कोतिर स्थानीय तहमा अनियमितता, बेरुजु र सार्वजनिक साधन र स्रोतको हिनामिना तथा दुरुपयोग र भ्रष्टाचारका बढेका तथ्य/तथ्यांक सार्वजनिक भइहरेकै छन् । महालेखा परीक्षक आर्थिक परीक्षण र अख्तियार दुरुपयोग अनुसन्धान आयोग अध्ययन/अनुसन्धानमा पनि अनियमितता र भ्रष्टाचारका अनगन्ती पाटा भेटिन्छन् । वास्तवमा भन्ने हो भने गणतान्त्रिक शासन व्यवस्था तथा सुशासन र स्वच्छ राजनीति र प्रशासनका सवालमा यस्ता तथ्य आउनु सुहाउँदैन ।

स्थानीय तहको निर्वाचन भएको चार वर्षसम्म संघ, प्रदेश र स्थानीय तह कतैबाट यो विषयमा किन चासो र सक्रियता देखाइएन ? स्थानीय तहमा सार्वजनिक लेखा समिति गठन भएको छ वा छैन र गठन भएको अवस्थामा के-कस्तो काम भएको छ भन्नेमा अनुगमन र मूल्यांकन भएको पाइँदैन । स्थानीय तहमा मात्र होइन, प्रदेश सभामा पनि लेखा समिति कतै सक्रिय देखिन्छन्, त कतै निष्क्रिय पाइन्छन् । वागमती प्रदेशको सार्वजनिक लेखा समितिले आफ्नो प्रदेशभित्रका स्थानीय तहमा सार्वजनिक लेखा समितिको गठन र कामकारबाही तथा समस्याबारे जानकारीमूलक कार्यक्रम गर्ने निर्णय गरेको छ । सात प्रदेशमध्ये वागमती प्रदेश पहिलो सार्वजनिक लेखा समिति बन्न गएको छ । मकवानपुर र चितवनमा उसले जानकारी लिने काम गरेको देखिन्छ । यस कामको नेतृत्व वागमती प्रदेश सभाका सभामुख सानु श्रेष्ठ र सार्वजनिक लखा समितिका सभापति न्हुच्छे श्रेष्ठले लिएको देखिन्छ । राम्रो कामको सुरुवात गरेकामा बधाइ पनि दिनुपर्छ ।

वागमती र सुदूरपश्चिममाबाहेक अरु प्रदेश सभामा सार्वजनिक लेखा समितिको नेतृत्व पनि चयन हुन नसक्नु अत्यन्त दु:खद पक्ष देखिन्छ । प्रदेश सरकारलाई संसद्प्रति उत्तरदायी बनाउन तथा प्रदेश सरकारका वित्तीय काम-कारबाहीहरूलाई स्वच्छ, नियमित, व्यवस्थित र जवाफदेही बनाउन के काम भएका होलान् ? प्रदेश सभामै सार्वजनिक लेखा समितिको यो अवस्था छ भने स्थानीय तहमा सार्वजनिक लेखा समिति गठन भएनन् भनी के प्रश्न गर्नु ?

सार्वजनिक लेखा सीमितिको बेलायतको प्राचीन इतिहास हेर्ने हो भने सन् १७८० मा यसको स्थापना बेलायतका सरकारी कार्यालयहरूमा हुने गरेका अनियमितता, सार्वजनिक साधन र स्रोतको हिनामिना तथा दुरुपयोग र चुहावट एवं भ्रष्टाचारको छानबिन र अनुसन्धान गरी हाउस अफ कमन्सलाई प्रतिवेदन दिन भएको देखिन्छ । अर्को शब्दमा, सार्वजनिक लेखा समितिको स्थापनाको मुख्य उद्देश्य एवं लक्ष्य नै सरकारी संयन्त्रमा हुने अनियमितता, चुहावट, हिनामिना र दुरुपयोग र भ्रष्टाचारविरुद्धमा अध्ययन र छानबिन गरी सभालाई जानकारी दिनु हो ।

विश्वभरका सार्वजनिक लेखा समितिहरूले यसैमा आफ्नो ध्यान केन्द्रित गर्ने गरेको पाइन्छ । सरकारका सबै तहका बेरुजु करिब सात खर्ब रुपैयाँ पुगेको छ । जसमा स्थानीय तहको तीन वर्षको बेरुजु मात्रै एक खर्बको हाराहारीमा देखिएको छ । यो भयावह चित्र हो भन्नेमा कुनै विमति नहोला । स्थानीय तहको बेरुजु, अनियमितता, साधन र स्रोतको हिनामिना तथा दुरुपयोग र भ्रष्टाचार नियनत्रण गर्न सशक्त, निष्पक्ष, इमानदार र नैतिक बलसहितको सार्वजनिक लेखा समिति गठन गर्न अत्यावश्यक देखिन्छ । स्थानीय तहमा सार्वजनिक लेखा समिति गठन गर्दा प्रमुख वा अध्यक्षभन्दा भिन्न दलको (सकेसम्म बढी सदस्य भएको दोस्रो दलको कार्यकारी सदस्यको अध्यक्षतामा समिति गठन गर्ने र त्यसमा अरु विपक्षी दलका सदस्यसहित प्रमुख वा अध्यक्षको दलको सदस्य राखी समिति गठन गर्नु उचित र व्यवहारिक हुने देखिन्छ । सार्वजनिक लेखा समितिको विश्वव्यापी सिद्धान्त र नीति पनि यही हो ।

अर्को त, स्थानीय तहमा उठेको बेरुजु कसले फर्छ्यौट गर्ने भन्ने प्रश्न पनि छ । यस सन्दर्भमा जसरी संघीय सरकारको बेरुजु संघीय संसद्को सार्वजनिक लेखा समितिले र प्रदेश सरकारको बेरुजु प्रदेश सभाको सार्वजनिक लेखा समितिले छलफल गर्ने गरे झैँ स्थानीय सरकारको बेरुजु पनि स्थानीय तहको सार्वजनिक लेखा समितिलाई छलफल गर्ने अधिकार दिनु उचित र न्यासंगत हुने देखिन्छ ।

साथै सार्वजनिक लेखा समिति गठन गरेर मात्रै हुँदैन, यसलाई सक्रिय, प्रभावकारी, सशक्त, निष्पक्ष, इमानदार र जवाफदेही तथा पारदर्शी पनि बनाउन जरुरी देखिन्छ । साथै यसका काम कारवाही सम्बन्धी अधिकार, कार्यविधि तथा आचरण र व्यवहारसम्बन्धी संहिता बनाउनु आवश्यक छ । तर यो सवालमा कसैको ध्यान दिएको देखिँदैन । यो साह्रै दु:खद् पक्ष हो र संघीय लोकतान्त्रिक गणतन्त्रको स्थायित्व र विकासका लागि सुहाउने विषय होइन ।

स्थानीय तहमा बरुजु फछ्र्यौटका काम भएको देखिँदैन । अर्कोतिर अनियमितता, साधन र स्रोतको हिनामिना, डोजरे विकास र उपभोक्ता समितिमार्फत अबौँका काम कानुनी प्रक्रिया मिची हुने गरेका छन् । त्यसमा पार्टीका कार्यकर्ताहरूलाई अनुदान र सहायता दिने गरेका विवरण सार्वजनिक भइरहेका छन् । साथै सरकारका तिनै तहमा अचाक्ली रूपमा कर उठाउने विषयको पनि सर्वत्र विरोध भइरहेको छ । स्थानीय तहमा एउटा दुई लाइनको सिफारिसपत्र लिन जनताले चार सयदेखि पाँच सय तिर्न पर्ने बाध्यता कतिसम्म न्यायोचित छ भन्ने पनि प्रश्न उठेको छ ।

सार्वजनिक लेखा समिति सक्रिय हुँदै जवाफदेही निर्णय गर्न सफल भएको भए यी प्रश्नहरूबारे पक्कै पनि समयमै केही सम्बोधन हुने थियो भन्ने आशा गर्न सकिन्छ । नेपालको सन्दर्भमा स्थानीय तहको संख्या बढी भयो भन्ने एकातिर उठेको छ भने अर्कोतिर स्थानीय तहलाई नियमित, व्यवस्थित, दक्ष, प्रभावकारी, सबल, पारदर्शी र जवाफदेही कसरी बनाउने भन्ने प्रश्न पनि उठेको छ । महालेखा परीक्षकको कार्यालय र अख्तियार दुरुपयोग अनुसन्धान आयोगका वार्षिक प्रतिवेदनले यिनै तथ्यलाई इंगित गरेको पाइन्छ । स्थानीय तहको अनियमितताबारे अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विस्तृत अध्ययनपछि २०७५ मा लामै निर्देशन पठाएको थियो । आयोगले अध्ययन मात्र होइन कि त्यस्ता उजुरी उपर छानबिन गरी गलत देखिए कारबाही गरेको भए पछिल्ला वर्षहरूमा त्यस्ता अनियमित कामकारबाही गर्ने क्रम कम हुने थियो, यसमा आयोग चुकेको देखिन्छ ।

यतिखेर यक्ष प्रश्न के हो भने स्थानीय तहमा जाने सबै अनुदान लगायतका बजेट, (आन्तरिक राजस्व र अन्य आम्दानीसमेत) खर्च गर्दा र अधिकार र जिम्मेवारीको अधिक्तम प्रयोग जनता र राष्ट्रको अधिकतम हित हुने गरी गरिएको छ कि छैन भन्ने हो । स्थानीय तह जनताका लागि असली सरकार हो, जन्मनुअघिदेखि मृत्युपर्यन्त मानिसलाई यसको आवश्यकता पर्छ । यसले पनि संविधान र कानुनको सीमा र मर्यादाभित्र बसेर आफ्नो काम कर्तव्य र अधिकारको प्रयोग गर्नुपर्छ भन्ने नीति र सिद्धान्त हामीलाई पनि लागू हुन्छ । स्थानीय तहलाई नियमित, व्यवस्थित, अनुशासित, मर्यादित, सक्षम, सबल, पारदर्शी, जवाफदेही, इमानदार र नैतिक बनाउने तीनवटा विश्वव्यापी सिद्धान्त र नीति छन् ।

पहिलो, आन्तरिक नियन्त्रण र सशक्त र प्रभावकारी आन्तरिक लेखा परीक्षण गर्नु हो । दोस्रो, सशक्त प्रभावकारी राजनीतिक र प्रशासनिक नियन्त्रण, अनुगमन र मूल्यांकनको व्यवस्था हो । यी दुई नीति र सिध्दान्तभन्दा पनि अझ महत्वपूर्ण सशक्त, सक्षम, निष्पक्ष, इमानदार, नैतिक, पारदर्शी र जवाफदेही अन्तिम लेखा परीक्षण व्यवस्था हो । सार्वजनिक लेखा समिति पनि अन्तिम लेखा परीक्षणकै एउटा प्रमुख हिस्सा हो । यो राजनीतिक नेतृत्वको लेखा परीक्षण र अनुगमन र मूल्यांकन व्यवस्था हो ।

हामीकहाँ निष्पक्ष र इमानदार रूपमा भन्ने हो भने नेपालमा यी तीनै खाले सिद्धान्त र नीति अत्यन्त कमजोर छ । त्यहीकारण अनियमितता, बेरुजु अंक बढ्दै सात खर्ब पुगेको हो । सार्वजनिक साधन र स्रोतको हिनामिना तथा भ्रष्टाचारका विषय पनि धेरै बढेका छन् । संघीय लोकतान्त्रिक गणतन्त्रको स्थायित्व, सुनिश्चितता र विकासका लागि यस्ता खराब काम भइरहनु दुर्भाग्यपूर्ण कुरा हो । यसलाई सुधार्न संघ, प्रदेश र स्थानीय सरकार तथा संसद्, सभाको गम्भीर ध्यान जाओस् । देशका सबै तहका सरकारका वित्तीय काम/कारबाहीमा नियमितता, अनुशासन, पारदर्शिता र जवाफदेहिता अभिवृद्धि भएमा मात्रै वित्तीय सुशासन कायम हुन्छ ।

*(लामो समय प्रतिनिधि सभा सार्वजनिक लेखा समितिका सचिव रहेका थापा संसद् सचिवालयका पूर्वसचिव हुन् ।) - साभार: इकागज*

# यथार्थको कसीमा जैविक खेती



कृष्णप्रसाद पौडेल

आधारभूत खानेकुरामा अरूमाथि भर पर्ने कुरा समाजमा स्थापित प्रकृतिसम्मत मूल्यमान्यता, संवैधानिक हक, आम मानिसको स्वच्छ र स्वस्थ खान पाउने अधिकार, किसानीमा आधारित जीवनपद्धति, किसानको आम्दानी र रोजगारी, चलायमान र समृद्ध अर्थतन्त्र, आम मानिस र वातावरणीय स्वास्थ्यको मर्म विपरीत छन् । तर हामी यस्तै विपरीत दिशातर्फ धकेलिंदै गएका छौं । यसले नेपाली समाज, आम मानिस र प्रकृतिमा ठूलो संकट निम्त्याउने संकेत समेत देखिन थालिसकेको छ ।

सबैलाई थाहै छ, जीवित अस्तित्वमा रहेका सबै प्रजातिलाई जीवन ऊर्जाका लागि हावापानी र खाना चाहिन्छ, यो प्रकृतिको शाश्वत नियम हो । अन्य साना ठूला सबैखाले प्रजातिले यस्तो खानाको जगेर्नासम्म गर्ने गर्छन् । तर मानव प्रजातिले भने हजारौं वर्षदेखि यसको बन्दोबस्त गर्न आफैंले खेतीपाती गर्ने गरेको छ । यसरी खानेकुराको बन्दोबस्त गर्न प्रकृतिबाट सिक्दै उत्पादन गर्ने किसान र भान्सासम्म पुऱ्याउने फौबन्जार आधुनिक मानव समाजका सामाजिक उद्यमी हुन् । तर यिनको सामाजिक उद्यम अहिले उनीहरूको नियन्त्रणबाट बिचौलियामा सरिरहेको छ ।

खानेकुराका लागि गरिनुपर्ने खेतीपाती नाफाका लागि मात्र गर्ने प्रवृत्ति बढिरहेको छ । धेरै फलाउन गरिने खेतीपाती र खानेकुराको बजार नाफा कुम्ल्याउने होडबाजीले विषाक्त र पत्रु हुँदै गएका छन् । यो नै मानव संकटको मुख्य कारण समेत बन्दै गएको छ । यसमाथि अनुपयुक्त ढाँचाका कारण हाम्रो देशमा खाना र खेतीपाती दुवैमा निरन्तर आयातमा भर पर्नुपर्ने भएको छ । यसले खेतीपाती, खाना र किसानी संकटग्रस्त हुँदै गएको छ । यी सबैलाई पुनर्जीवित नगरे संकट झनै गहिरिंदै जाने पक्का छ । यस अर्थमा किसानी र भान्सासम्म पुऱ्याउने उद्यमलाई उन्नत र दिगो बनाउन ढिला गर्न नहुने भएको छ । त्यसैले यो कस्तो बनाउने भन्ने कुरामा अब गम्भीर बहस चाहिएको छ । खानाका लागि खेतीपातीका तुलनात्मक लाभका क्षेत्रहरू र खाद्यका लागि स्थानीय रैथाने उत्पादन प्रणालीमा जोड नगरी खानाका लागि गरिने खेतीपाती दिगो बनाइराख्न सम्भव हुँदैन । समग्रमा, कृषि क्षेत्र दिगो बनाउन यसलाई उन्नत बनाउनै पर्ने हुन्छ । यसलाई उन्नत बनाउनका लागि प्रकृतिको नियमबाट सिकेर जैविक बाटो नसमाती अर्को विकल्प देखिँदैन । तर यो बाटोमा जान सबै तहमा थुप्रै हिचकिचाहट देखिएको छ ।

यस्तो खेतीपातीको पद्धतिबारे धेरै भ्रमहरू छरिएका छन्, यथार्थ भने बेग्लै छ । यी भ्रम र यथार्थमा पर्याप्त बहस गरेर सबै तहमा स्पष्टता ल्याउन आवश्यक छ । यो लेखमा यिनै विषयमा छोटो चर्चा गर्ने कोशिश गरिएको छ । खेतीपाती विकासे राम्रो हुन्छ भन्ने ठूलो भ्रम छ । सामान्यतया ठूलो, चिल्लो, राम्रो, रसायन र विषादिमा आधारित सफल, एकल खेतीपाती र ठूला वस्तुभाउलाई आम मानिसले विकासे भनेर बुझ्ने गरेका छौं । यस्तो खेतीपातीको विकास समेत विकसित भनेर चिनिएका क्षेत्रमा भएकोले राम्रो हुन्छ भन्ने भ्रम छ ।

यथार्थमा कुनै पनि खानेकुरा स्थानीय समाज र संस्कृति अनुसारको स्थानीय भूगोल र पर्यावरणीय विशेषतामा प्राकृतिक रूपमै उब्जाउने प्रणालीमा आधारित हुनुपर्छ । मौसम अनुसारको कृषि उपज, साना पशुपन्छी, कीराहरू र यसबाट बनाइने खानेकुरा नै हाम्रो शरीरका लागि सबैभन्दा उपयुक्त हुन्छ । प्रशोधित (पत्रु) खानेकुरा धेरै मीठो र पौष्टिक हुन्छ भन्ने भ्रम छ । यो भ्रमले धेरै मानिस सजिलो, मीठो र छिटो भन्दै पत्रु खानामा लहसिएका छन् । यथार्थमा यो अर्को ठूलो भ्रम हो ।

मौसममा फलाएर कुनै मिसावट विना सुकाएर वा अचार बनाएर राखेको बाहेक बढी समय टिकाउनका लागि भन्दै कृत्रिम रसायन र अन्य तरिका अपनाएर प्रशोधन गरी प्लाष्टिक पोकामा पाइने खानेकुरा सबैभन्दा पत्रु हुन्छन् । यस्ता खानेकुरा जोगाउन भन्दै यसमा मिसाइने चिनी, धेरै नून र खराब चिल्लोले यसलाई थप विषाक्त बनाउँदै नसर्ने दीर्घरोग बढाउँछन् । चिनीको स्वादले मानिसलाई अम्मली बनाउने कुरा अनुसन्धानले देखाएको छ । विडम्बना, यस्तो अम्मली खानाले अहिले औषधि हुनुपर्ने खाना विषमा परिणत भएको छ । सामान्यतया माटोमा उम्रन सक्ने अवस्थामा रहेको खानेकुराको तह भन्दा बढी प्रशोधन गरिने कुराले यसको प्राकृतिक गुणमा ठूलो फेरबदल ल्याउँछ । यस्तो गुणमा फेरबदल भएको खानेकुरा पचाउने रसायनिक प्रक्रियाले हाम्रो पेटमा हुने जैविक विविधता विघटन हुँदै जाँदा यसले कालान्तरमा नसर्ने दीर्घ रोग हुने जोखिम झनै बढाउँछ । सँगै खाना आहारविहारसँग पनि सम्बन्धित छ ।

हिजोआज काम नगरी किनेर खान पुगिसरी आउनेहरू काम गर्नु नपर्दा गजक्क पर्छन् जबकि अलिपछि डाक्टरले चिनी, उच्च रक्तचाप हुनेहरूलाई हिंडडुल गर्ने सल्लाह दिन्छन् । केही मात्रामा आफैं उमार्नु र वस्तुभाउ हुर्काउनु दोहोरै हिसाबले फाइदाको कुरा हो । नेपाली समाज 'भाते' बन्दै गएको छ । खानेकुरा मध्ये भात सबैभन्दा राम्रो हुन्छ भन्ने भ्रम व्यापक छ । धान हाम्रो मुख्य बाली हो, यसमा कुनै द्विविधा छैन । नेपालमा धानको भात खाने कुरा सामाजिक प्रतिष्ठा बनाउँदै यसको मात्र प्रचार गर्दै जाँदा भाते संस्कृति विकसित भएको छ ।

स्थानीय विशेषताका मुख्य कृषि उपज हुने कुरा हामीले अपनाउने खेतीपाती प्रणालीमा भरपर्ने कुरा हो । यूरोपेलीले गहुँ र गाईलाई त्यसैगरी लिए । तर कुनै पनि एउटा मात्र खानेकुरा धेरै राम्रो र अरू नराम्रो हुन्छ भन्ने होइन । हाम्रो खानामा शरीरलाई चाहिने खनिज, भिटामिन, कार्बोहाइड्रेट, चिल्लो, प्रोटिन र रेसाको सन्तुलन हुनुपर्छ । विविधता जति धेरै भयो त्यति धेरै सन्तुलित पोषण पाइने हुन्छ । जैविक उत्पादन कम हुन्छ भनेर खाना र खेतीपातीका बिचौलिया चर्को चर्को स्वरमा कराइरहेको सुनिन्छ । वास्तवमा परम्परागत एकल उत्पादनभन्दा विविधतापूर्ण समग्र जैविक उत्पादन बढी हुन्छ तर यस्तो प्रचार हुनुमा खाना र खेतीमा व्यापार गरेर धेरै नाफा कमाउने निहित स्वार्थ जोडिएको छ ।

कृत्रिम रसायन र विषादिको प्रयोगले धेरै उत्पादन हुने कुरा क्षणिक हो । यो कुरा हजारौं वर्षमा नबिग्रेको माटो र यसको उत्पादन क्षमता रसायन र विषादीको प्रयोगले केही दशकमै घटेको कुराले पुष्टि हुन्छ । शुरुमा कृषि भूमि र बीउको सुधार, कृत्रिम मलखाद, सिंचाइ, कीटनाशक र यन्त्रको प्रयोग गरेर कृषि उत्पादन अवश्य बढेको थियो तर अहिले कृत्रिम मलखाद र विषादीले माटो विषाक्त भइसक्यो तर मल र विषादिको मात्रा झन् झन् बढाउनु परिरहेको छ । विकासे भनिने बीउ समेत नपुंसक छ त्यो पनि अरूकै नियन्त्रणमा छ । पशुपन्छी उत्पादनमा प्रयोग हुने अत्यधिक कृत्रिम रसायनले यस्ता उत्पादन खान अयोग्य हुँदै गएका छन् । यिनको स्याहार खानपानमा बाह्य स्रोतमा धेरै भरपर्दा मासु तथा अण्डा उत्पादन दिनदिनै महंगो हुँदै गएको छ । जैविक कृषिमा धेरै लगानी र मिहिनेत गर्नुपर्छ तर आम्दानी छैन भन्ने अर्को भ्रम छ । वास्तवमा जैविक कृषि प्रणालीमा धेरै काम गर्नुपर्ने होइन । तर परम्परागत खेती प्रणालीले बिगारेको माटो, वातावरण र जैविक प्रक्रिया पुनर्जीवित गर्न शुरुमा काम बढी गर्नुपर्ने हुन्छ ।

बरु हाम्रो समग्र शरीर चलायमान बनाउने श्रम गर्ने बानी जीवनशैली परिवर्तनको सबैभन्दा उपयुक्त तरिका हो । यो प्रणाली स्थानीय स्रोत, साधन र श्रममा आधारित भएकोले कम खर्चिलो हुन्छ । सँगै, यस प्रणालीमा प्रकृतिले एकीकृत भएर काम गर्ने वातावरण हुँदा बाह्य स्रोतको लागत घट्न गई यो सस्तो हुँदै समेत जान्छ । अजैविकबाट जैविक संक्रमण हुँदै जाने हुँदा यो दीर्घकालमा बढी फाइदाजनक हुँदै जान्छ । यो सँगै जैविक कृषि पुरानो (ढुङ्गे) युगतिर फर्कनु हो, अब कसले त्यस्तो खेतीपाती गरेर बस्छ भन्ने नियोजित भ्रम छ । जैविक कृषि प्रणाली भनेको पुरानो कृषि प्रणालीमा फर्किनु कदापि होइन । अहिलेको अजैविक कृषि प्रणालीलाई जैविक कृषिमा फेर्ने बाटो हो ।

यस अर्थमा पुर्खाका प्रकृतिसम्मत ज्ञान, सीप, विवेकलाई आजको सन्दर्भमा उपयुक्त बनाउन उन्नत बनाउँदै जाने तरिका हो । यो अहिले अजैविक कृषि प्रणालीले थोपरेका पृथ्वीका समस्या समाधान गर्ने सम्भवत: अन्तिम अग्रगामी उपाय हो । जैविक अजैविक भन्ने कुरा बेकार हो । जसरी पनि पोषण लिने हो भन्ने समेत भ्रम छ । मसिनोसँग नकेलाउने हो भने यो धेरैलाई भ्रमित गर्ने कुतर्क हो । जैविक प्रक्रियामा प्रकृतिले सन्तुलित रूपमा काम गर्छ । यसका बारेमा अझै पनि हामीलाई धेरै थाहा छैन । तर यसमा रासायनिक प्रक्रियाबाट निस्कने विषाक्त तत्व तथा यौगिक स्वचालित प्रणालीका आधारमा व्यवस्थित रूपमा विसर्जन हुन्छ । सँगै यसको व्यवस्थापनमा सबै साना तथा ठूला जीवले काम गर्छन् तर अजैविक प्रक्रियामा प्रकृतिको यो नियमको जबर्जस्ती उल्लंघन गरिएको हुन्छ ।

उत्पादन बढाउने भन्दै पोषणका नाम दिइने बाह्य तत्व र यौगिकले यो प्राकृतिक सन्तुलन बिगार्ने र जीवहरूको पारस्परिक अन्तरसम्बन्ध भत्काउँदै लैजान्छ । यसले जैविक विविधता निरन्तर विघटन हुने गर्छ । बस्तुभाउ तथा मानिसको पिसाब र कृत्रिम रूपमा बनाइने युरियाले माटो र बिरुवामा पार्ने फरक प्रभाव यसको उदाहरण हो ।

*- साभार: अनलाईनखबर*

# काजु र मधेसी बदाम आयात



काठमाडौं (रासस)/ सोधपुछ गर्ने हो भने काजु र मधेसी बदामको स्वाद नपाउने व्यक्ति यहाँ भेटिँदैन तर उत्पादनमा खासै साचो दखाएको पनि पाइँदैन । निजी क्षेत्रको केही चासो देखिए पनि सरकारी निकायबाट भने अझैसम्म काजु र बदामको उत्पादनमा ठोस पहल भएको पाइँदैन ।

उच्च वर्गले धेरैजसो, मध्यम वर्गीय परिवारले कम र निम्न वर्गले कहिलेकाहीँ काजु र मधेसी बदामलाई सुख्खा फलफूलका रुपमा खाने गरेको पाइन्छ ।

कृषि तथा पशुपक्षी विकास मन्त्रालय स्रोत भन्छ, “धान, मकै र गहुँको उत्पादन नै पुऱ्याउन नसकिएका बेला कता काजु र मधेसी बदामको उत्पादनमा चासो देखाउने ।” मन्त्रालयका अधिकारीको जवाफ नेपालको संविधानसँग जोडिएको छ । संविधानले खाद्यान्नको सुनिश्चिता प्रदान गरेको छ । भन्सार विभागको तथ्यांकलाई आधार मान्ने हो भने आफ्नो उत्पादनले नपुगेका कारण वार्षिक झण्डै दुई अर्बको चामल आयात भएको देखिन्छ ।

अंग्रेजीमा मधेसी बदामलाई ‘आलमण्ड’ भनिन्छ । नेपालीले आलमण्डलाई मधेशी बदाम र हाडे बदामको नामले चिन्दछन् । मधेसी बदाम मध्यम खालको रुखमा फल्ने फल हो । यो आरु, आरुपखडा, खुर्पानीजस्ता प्रजातिको रुखमा पर्दछ । कृषि विभागका अनुसार नेपालमा मधेसी बदाम खेतीका लागि प्रचुर सम्भावना भए पनि यसको व्यावसायिक खेती हुन सकेको छैन । खेर गइरहेको सुख्खा जमिन जहाँ आरु र आरुपखडाको खेती हुन्छ त्यहाँ मधेसी बदामको पनि सजिलै खेती गर्न सकिन्छ । त्यसैगरी काजु पनि तराईको उष्ण प्रदेशीय क्षेत्र जस्तै धनुषा, सिरहा, सप्तरीलगायत अन्य केही जिल्लामा खेती गर्न सकिने सम्भावना छ ।

नेपाली बजारमा काजु प्रतिकेजी दुई हजार दुई सयदेखि दुई हजार पाँच सयसम्म र मधेसी बदाम दुईहजार आठसयदेखि तीन हजार सम्ममा खरिद गर्न सकिन्छ । जनताको क्रयशक्तिमा केही वृद्धि भएकाले काजु र मधेसी बदामको आयात वढेको अनुमान लगाउन सकिन्छ । नेपालमा चालू आर्थिक वर्षको चार महिनामा एक अर्ब १७ करोड ७९ लाख ५४ हजार मूल्य बराबरको काजु र मधेसी बदाम आयात भएको छ । विभिन्न जातका काजु ६१ करोड ८४ लाख ३३ हजार र ५५ करोड ९५ लाख २१ हजारको मधेसी बदाम आयात भएका हुन् ।

भन्सार विभागले प्रकाशित गरेको आव ०७८/७९ को चार महिना (कात्तिक मसान्तसम्म) को तथ्यांकमा नेपालीका महान् चाड विजया दशमी र तिहारलाई लक्ष गरी व्यापारीले काजु छ देश र मधेसी बदाम तीन देशबाट आयात गर्दै आएका छन् । काजु भारत, चीन, मोजाम्बिक, नाइजेरिया, सिंगापुर, भियतनाम तथा मधेसी बदाम भारत, अमेरिका र अफगानस्तानबाट आयात हुँदै आएको छ ।

सबैभन्दा धेरै काजु आयात हुने देशमा भारत पर्छ । त्यहाँबाट चालू आर्थिक वर्षको चार महिनामा ३६ करोड ५० लाख १३ हजार खर्चेर चार लाख १७ हजार ४८४ केजी काजु आयात भएको देखिन्छ । दोस्रो काजु आयात हुने देशमा भियतनाम पर्छ । त्यहाँबाट सोही अवधिमा १४ करोड ५३ लाख, ६६ हजार खर्चेर एक लाख ८३ हजार ५५४ केजी काजु खरिद गरिएको छ । धेरै काजु आयात हुने तेस्रो देशमा मोजाम्बिक पर्छ । त्यस मुलुकबाट पनि सात करोड तीन लाख ९७ हजार खर्चेर ८९ हजार ९०० केजी काजु खरिद गरिएको छ ।

यस्तै नाइजेरीयाबाट तीन करोड ५१ लाख ८४ हजार मा ४५ हजार ४५२ केजी र सिंगापुरबाट नौ लाख चार हजारमा एक हजारमा १३४ केजी काजु आयात भएको छ ।

सबैभन्दा धेरै मधेसी बदाम अमेरिकाबाट आयात हुँदै आएको छ । चालू आर्थिक वर्षको चार महिनामा त्यहाँबाट ५५ करोड ७६ लाख २९ हजारमा नौ लाख नौ हजार ५६० केजी बदाम आयात भएको छ ।

भारतबाट १५ लाख ६८ हजारमा एक हजार ६३२ केजी र अफगानिस्तानबाट तीन लाख २४ हजारमा ५०४ केजी मधेसी बदाम आयात भएको छ । सो अवधिमा काजुको आयातबाट १८ करोड १५ लाख चालिस हजार र बदामबाट १७ करोड १६ लाख ५४ हजार राजस्व सरकारलाई प्राप्त भएको छ ।

नेपालमा काजु र मधेसी बदाम भइ मसलाको रूपमा तिहार, अन्य चाडपर्व, विवाहलगायत शुभकार्यमा प्रयोग हुनाका साथै सुख्खा फलफूलका रुपमा उपभोग गरिन्छ ।

# “नेपाली खानालाई विश्वमा चिनाऔं”



काठमाडौं (रासस)/ नेपाली खानालाई विश्वमाझ फैलाएर पर्यटन प्रवर्द्धन गर्न नेपालमा सञ्चालित पाँचतारे होटलहरुमा पनि नेपाली खानाको ‘मेनु’ राख्नुपर्नेमा जोड दिइएको छ ।

सेफ्स एशोसिएसन अफ नेपालको नवौं अधिवेशनबाट निर्वाचित कार्यसमितिको शनिबार साँझ आयोजित ‘पदस्थापन, सम्मान तथा चियापान’ कार्यक्रममा नेपालका वरिष्ठ सेफहरुले नेपाली खानालाई विश्वमाझ फैलाउनका लागि नेपालका पाँचतारे होटलमा पनि नेपाली खानाको ‘मेनु’ राख्नुपर्ने बताएका हुन् ।

कार्यक्रममा एशोसिएसनका नवनिर्वाचित अध्यक्ष श्यामबहादुर लामाले नेपालमा सञ्चालित सबै होटलमा नेपाली खानाको मेनु राखेर नेपाली खानालाई विश्वमाझ चिनाउनुपर्ने बताए । “नेपाली खानालाई विश्वमाझ फैलाउने काम नेपाली सेफकै हो, यसका लागि होटल व्यवसायी र सेफ एकजुट भएर लाग्नुपर्छ”, उनले भने ।

अध्यक्ष लामाले आफ्नो कार्यकालमा नेपाली खानालाई देश विदेशमा प्रवर्द्धन गर्नका लागि सबै निकायसँग सहकार्य गरेर अगाडि बढ्ने प्रतिबद्धतासमेत व्यक्त गरे । सेफ्स एशोसिएसन अफ नेपालले होटल म्यानेजमेन्टसम्बन्धी पढाइ हुने कलेजका पाठ्यक्रममा पनि नेपाली खानाहरु राख्नुपर्ने दबाब दिने उनको भनाइ थियो ।

विसं २०५३ वैशाख २ गते स्थापना भएको एशोसिएसनले विसं २०७२ मा सेफ्स एशोसिएसन फाउण्डेशन दर्ता गरी होटल तालिम प्रदान गर्दै आइरहेको छ । फाउण्डेशनका कार्यकारी निर्देशक रेशम लामाले हालसम्म ५०० भन्दाबढीलाई होटल तालिम प्रदान गरिसकिएको बताए । एशोसिएसनले होटल म्यानेजमेन्ट पढेका विद्यार्थीलाई ‘फुड सेफ्टी’ र कार्यक्षेत्रको सुरक्षासम्बन्धी अल्पकालीन तालिमसमेत प्रदान गर्दै आएको छ ।

कार्यक्रममा एशोसिएसनका पूर्व अध्यक्ष पुष्प थापामगर, जीतबहादुर लामा, श्रीकृष्ण लामा, रत्नबहादुर थापा, गोविन्दनरसिंह केसी, श्रीराम अधिकारी, खड्गविक्रम लामालगायतले सीकेको सीपलाई हस्तान्तरण गर्दै नेपाली होटलमा नेपाली सेफ नै प्रयोग गर्ने वातावरण निर्माणमा एशोसिएसन लाग्नुपर्नेमा जोड दिए । एशोसिएसनको तथ्यांकअनुसार हाल नेपालका होटलमा ६० प्रतिशत नेपाली र ४० प्रतिशत विदेशी सेफ कार्यरत छन् ।

**एशोसिएसनको अध्यक्षमा लामा**

एशोसिएसनको भर्खरै सम्पन्न नवौं अधिवेशनबाट श्यामबहादुर लामाको अध्यक्षतामा १७ कार्यसमिति निर्विरोध निर्वाचित गरेको हो । दुईवर्षे कार्यकाल रहेको एशोसिएसनको प्रथम उपाध्यक्षमा ठाकुरप्रसाद पौडेल, उपाध्यक्षमा शिवहरि घिमिरे, महासचिवमा श्रीकृष्ण गजुरेल, सचिवमा हेमराज पौडेल र कोषाध्यक्षमा रामकृष्ण थापा निर्वाचित भएका छन् ।

यस्तै सदस्यमा सुवर्णमान कर्माचार्य, विनोद तामाङ, राजकुमार लामा, सुनिल तामाङ, रामचन्द्र धरेल, दिपक ढुङ्गाना, प्रेम थापा, बद्री खड्का, उमेश भुवाई र रमेश श्रेष्ठ भएका छन् । कार्यक्रममा नेपाली सेफको विकास र विस्तारमा महत्वपूर्ण भूमिका खेल्ने संस्था र एशोसिएसनका पूर्वध्यक्षहरुलाई सम्मान गरिएको थियो ।

# ‘ए मेरो हजुर ४’लाई पहिले ‘केजीएफ २’को डर, अब कोरोनाको



काठमाडौं/दोस्रो पटक चलचित्रको प्रदर्शन मिति तय गरेपनि चलचित्र ‘ए मेरो हजुर ४’ तोकिएको समयमा रिलिज हुनेमा दोधार देखिएको छ । अभिनेता अनमोल केसी र अभिनेत्री सुहाना थापाको मुख्य भूमिका रहेको यो चलचित्र यसअघि भदौमा रिलिज गर्ने तयारी थियो । भदौमा रिलिज गर्ने योजना भएपनि कोरोनाका कारण हलहरु खुल्न नसकेपछि ‘ए मेरो हजुर ४’ रिलिज हुन सकेन ।

निर्माणपक्षले हल खुल्ने बित्तिकै चैत २५ गतेबाट चलचित्र प्रदर्शन गर्ने घोषणा गऱ्यो । जसअनुसार यो चलचित्रको टिजर गत शुक्रबार रिलिज गर्ने भनेर प्रचार पनि गरियो । तर, झरना थापा निर्देशित चलचित्रको टिजर तयार भएर पनि सार्वजनिक हुन सकेन । यसको कारण कोरोनाको त्रास नै रहेको बुझिएको छ । छिमेकी मुलुक भारत लगायत विश्वका धेरै देशमा कोरोना संक्रमणको तेस्रो लहर फैलिन थालेपछि निर्माता सुनिलकुमार थापा चलचित्रको टिजर रोक्न बाध्य भएका हुन् ।

यसअघि पनि चलचित्रको टिजर सार्वजनिक गर्ने तयारी गरिएको थियो । तर, वैशाख १ गते अर्थात अप्रिल १४ मा साउथ चलचित्र ‘केजीएफ २’ रिलिज हुन्छ या हुँदैन भन्ने दोधार थियो । यो चलचित्र अप्रिल १४ मा रिलिज नभएको खण्डमा ‘ए मेरो हजुर ४’लाई यही मितिमा रिलिज गर्ने योजना निर्माताको थियो ।

यसैले केही समयअघि ‘केजीएफ २’का कारण दोधारमा रहेका निर्माता अब कोरोनाका कारण फेरि अलमलमा परेका छन् ।

*- साभार: अनलाईनखबर*

# वीरगञ्जमा ‘चालकसँग एक मिनेट’



वीरगञ्ज (रासस)/ प्रदेश नं २ ट्राफिक प्रहरी कार्यालय पथलैया, बाराले ट्राफिक सचेतना अभियानअन्तर्गत चालकसँग एक मिनेट कार्यक्रम सञ्चालन गर्दै आएको छ । जिल्ला ट्राफिक प्रहरी कार्यालयले सवारी चालकलाई ट्राफिक सचेतना अभिवृद्धि गराई सवारी दुर्घटना न्यूनीकरणका गर्ने उद्देश्यले सो कार्यक्रम गर्दै आएको हो ।

प्रदेश ट्राफिक प्रहरी कार्यालयका अनुसार ट्राफिक सचेतना अभियानअन्तर्गत कार्यालयसहित त्यस मातहातका कार्यालयले विभिन्न कार्य गर्दै आएको छ । प्रहरी नायब उपरीक्षक एवं सूचना अधिकृत सन्तुलालप्रसाद जैसवालले चालू आर्थिक वर्ष २०७८/७९ को पुस महिना मसान्तसम्ममा यस कार्यालयबाट मादकपदार्थ सेवन गरी सवारी साधन चलाउने १९३ चालकलाई कारवाही गरिएको बताए ।

यसैगरी चालू आव २०७८/७९ को साउनदेखि मंसिर मसान्तसम्म क्षमताभन्दा बढी मालसामान ढुवानी गर्ने १०९ सवारी साधनका चालकलाई कारवाही गरिएको छ ।

कारवाही गर्दा १६ लाख राजस्व संकलन भएको छ । यस्तै चालू आवको मंसिर मसान्तसम्म ट्राफिक नियम उल्लंघन गर्ने एक लाख १२ हजार ७८३ सवारी साधनका चालकलाई कारवाही गरी कूल कूल नौ करोड ७७ लाख राजस्व संकलन गरिएको छ ।

कार्यालयका अनुसार २०७८ सालको पुस मसान्तसम्ममा मादक पदार्थ सेवन गरी सवारी साधन चलाउने १९३ चालकलाई कारवाही गरिएको छ ।

यस कार्यालय मातहत जिल्ला ट्राफिक प्रहरी कार्यालय पर्सा, बारा र रौतहटमा विभिन्न पदमा कार्यरत ११६ ट्राफिक प्रहरीलाई प्रशिक्षणसमेत दिइएको छ ।

# टिपरको ठक्करबाट मृत्यु

काठमाडौं (रासस)/ काठमाडौं महानगरपालिका-१४ कलंकीस्थित सडकमा टिपरको ठक्करबाट एक व्यक्तिको मृत्यु भएको छ ।

गएराति बा ४ ख ६८४३ ले नम्बरको टिपरले बा २ ब ५४०१ नम्बरको मोटरसाइकललाई ठक्कर दिँदा त्यसमा सवार हाल ललितपुर बस्दै आउनुभएका बझाङ फलराका २४ वर्षीय वसन्त विष्टको मृत्यु भएको प्रहरी प्रधान कार्यालयले जनाएको छ । उनी मोटरसाइकलको पछाडि सवार थिए ।

ठक्करबाट सख्त घाइते उनको कलंकीस्थित शहीद मेमोरियल अस्पतालमा उपचारका क्रममा मृत्यु भएको हो । दुर्घटनामा सख्त घाइते मोटरसाइकल चालक ललितपुर धोवीघाट बस्ने बझाङ चैनपुरका २६ वर्षीय निखिल बमको सोही अस्पतालमा उपचार पछि थप उपचारका लागि सुन्धारास्थित भ्याली अस्पताल ल्याइएको छ । टिपरसहित चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

यता ललितपुर महानगर पालिका-४ जवलाखेलस्थित सडक पेटीमा एक पुरुष आइतबार मृत फेला परेका छन् ।

अन्दाजी ४०/४५ वर्षको देखिने मृतकको पहिचान खुलेको छैन । उक्त घटनामा अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# सञ्चारमन्त्री कार्की आइसोलेशनमा

काठमाडौं (रासस)/ सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्की होमआइसोलेशनमा बसेका छन् ।

नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’ र नेता नारायणकाजी श्रेष्ठलाई शनिबार कोरोना भाइरस संक्रमण पुष्टि भएपछि मन्त्री कार्की होमआइसोलेशनमा बसेका हो । सरकारका प्रवक्तासमेत रहेका सञ्चारमन्त्री कार्की सत्ता गठबन्धनको शुक्रबारको बैठकमा सहभागी भएको थियो । उनले पिसीआर परीक्षण गरेर नतिजा आएपछि मात्रै नियमित भेटघाट र काममा फर्कने जानकारी दिए ।

प्रधानमन्त्री शेरबहादुर देउवा पनि शनिबारदेखि आइसोलेशनमा बसेका छन् । माओवादीका नेताहरू हरिबोल गजुरेल, मातृका यादव, डोरप्रसाद उपाध्याय, रामप्रसाद सापकोटा, रमेश मल्ललगायतलाई पनि संक्रमण पुष्टि भएको छ ।

**मोटरसाइकल हरायो**

निम्न व्यहोराको मोटरसाइकल २०७८ साल पुस २३ गते हेटौंडा-४ सामाना होटलमा पार्किङ्ग गरिरहेको अवस्थाबाट अन्दाजी साँझ ९:०० बजेदेखि ९:३० बजेको बिचमा हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न फोन नम्बरमा खबर गरिदिनु हुन अनुरोध गरिन्छ ।

**मोटरसाइकल नम्बर:** बागमती प्रदेश ०३-००४ प ६३२२
**मोटरसाइकल धनीको नाम:** कृष्ण देवकोटा
**मोटसाइकलको ब्राण्ड (नाम):** पल्सर, २२०F ABS
**मोटरसाइकलको रंग:** कालो रातो
**मोटरसाइकल बनेको वर्ष:** सन् २०२१
**चेचिस नम्बर:** MD2A13EX7MCM82442
**इन्जिन नम्बर:** DKXCMM68494
**सम्पर्क फोन नम्बर:** ९८४५८१६८२४

# ५५ हजारलाई चैतभित्र घरमै स्वच्छ खानेपानी

काभ्रेपलाञ्चोक (रासस)/ आउदो चैत महिनाभित्र काभ्रे-पलाञ्चोकको तेमाल क्षेत्रका ५५ हजार स्थानीयवासीलाई घरघरमा स्वच्छ खानेपानी पुऱ्याइने भएको छ ।

गत मंसिरमा खानेपानी आयोजनाको काम सक्ने लक्ष्य लिइए पनि कोरोना र प्राकृतिक प्रकोप खेप्नुपर्दा उपभोक्ताको घर-घरमा खानेपानी उपलब्ध गराउन नसकिएको हो ।

तेमाल वृहत खानेपानी आयोजना कोरोनाको पहिलो र दोस्रो लहरका साथै गत साउनमा सुनकोशी नदीमा आएको बाढीले मुहान क्षेत्रमा क्षति पुऱ्याउदा करिब एक वर्ष पछि धकेलिएको हो ।

उपभोक्ता समितिले अबको तीन महिनापछि घर-घरमा खानेपानी पुऱ्याउने गरी आयोजनाको मर्मतलयातका काम भइरहको जनाएको छ ।

“आउँदो चैतभित्र खानेपानी उपलब्ध गराउने उद्देश्यकासाथ काम भइरहेको छ” समितिका अध्यक्ष संग्रामजित लामाले भने । उनका अनुसार आयोजनाको काम करिब अन्तिम चरणमा पुगेको छ । आयोजनाको ९८ प्रतिशत काम सकिएको जनाइएको छ । हाल मुहानलाई थप सुरक्षित गरी पुरानै अवस्थामा फर्काएर पानी प्रशोधनको काम भइरहेको लामाले बताए ।

उनका अनुसार १२ टयांकीमा पानी परीक्षण भइसकेको छ भने थप ११ टयांकीमा परीक्षणको काम भइरहेको छ । साथै, प्रशोधन केन्द्रदेखि वितरण टयांकीसम्मको पाइपमासमेत पानी परीक्षण भइसकेको जनाइएको छ ।

लामाका अनुसार उक्त आयोजनाबाट तेमाल क्षेत्रका ५५ हजार स्थानीयवासीलाई खानेपानी उपलब्ध हुनेछ । लिफि्टङ प्रविधिबाट यो खानेपानी आयोजना सञ्चालन गरिने छ ।

यसको मुहान सुनकोशी नदीकिनारमा छ । यो वर्षको पहिलो बाढीले तेमाल खानेपानीको मुहान रहेको स्थान तेमाल गाउँपालिका-२ र ३ को सिमाना सुनकोशी नदी किनार चुखाबेँसीमा कटान सुरु गरेको थियो ।

त्यससँगै यही साउन १७ र १९ गतेको बाढीले क्षति पुऱ्याएपछि आयोजनाको मुहान क्षेत्रमा निर्माण गरिएको लिफि्टङ टयांकको जोखिमलाई सुरक्षित गरिएको हो । “यो वर्षको अनपेक्षित बाढीले खानेपानीको मुहान क्षेत्रमा लाखौँको पुऱ्याएको थियो, हामीले मर्मत, पुन:निर्माण तथा सुरक्षित बनाउने सकेका छौँ” लामाले भने ।

उहाँका अनुसार बाढीले आयोजनाको साठी लाखभन्दा बढी क्षति पुऱ्याएको थियो भने करोडौँका संरचनालाई जोखिम पुऱ्याएको थियो । तेमाल क्षेत्रका नौ हजार ३१० परिवारका करिब ५५ हजार नागरिकका लागि खानेपानी आयोजना सञ्चालन गरिएको हो ।

तेमाल क्षेत्रअन्तर्गत तेमाल गाउँपालकाको नौ वडा, नमोबुद्ध नगरपालिकाको ३, ४ र ५ तथा रोशी गाउँपालिकाको सात नम्बर वडाका बासिन्दाले उक्त खानेपानी उपभोग गर्न पाउने भएका हुन् ।

आयोजनाको काम सकेसम्म छिटो सक्नेगरी कामलाई तीव्रता दिइएको संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना भक्तपुरका प्रमुख राजेन्द्र श्रेष्ठले बताए । उनले भने, “आउँदो चैतभित्र घरघरमा खानेपानी पुऱ्याउन हामी खटिरहेका छौँ ।” विसं २०७२ असार महिनामा सम्झौता भएको आयोजनाको काम गतसाल मंसिरमा सक्ने लक्ष्य राखिए पनि कारोना महामारीका कारण कामको निरन्तरता नहुँदा तथा बाढीले संरचनामा क्षति पुऱ्याउदा केही धकेलिएको हो ।

लामाका अनुसार हाल खानेपानी वितरणको पाइपलाइन विछ्याइने कार्यसकेत अन्तिम चरणमा पुगेको छ । “विपद्ले नरोके आउदो चैतभित्र खानेपानी वितरण गर्नेगरी तीव्रगतिमा काम गरिरहेका छौँ” उनले भने ।

भूकम्पलगत्तै खानेपानीका मूल सुक्दै गएपछि तेमालका केही बासिन्दा विस्थापित हुने तरखरमा थिए, तर वृहत खानेपानी आयोजनाले रोकेको बताइन्छ ।

याङ्बेल डाँडामा चार लाख लिटर क्षमताका दुई मुख्य टयांकी निर्माण गरिएको छ । नेपाल सरकार, खानेपानी विभागमार्फत एक अर्ब २७ करोड, गाउँपालिकाको एक प्रतिशत र स्थानीय उपभोक्ताले नौ प्रतिशत जनश्रमदानमा सञ्चालन गरिएको आयोजनामध्ये दुई चरणमा सुनकोशी नदीबाट १२ किलोमिटरको उचाईमा लिफि्टङ गरी खानेपानी उपलब्ध गराइने संरचना बनिसकेका छन् ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

**२० वर्षपछि हेटौंडामा कोटीहोम महायज्ञ**

यहि पुस १५ गतेदेखि पुस २७ गतेसम्म हाम्रै हेटौडाको श्री रामभक्त हनुमान सेवा समिति हेटौंडा-१० गोरक्षेश्वर हनुमान मन्दिर राप्ती तटमा मुख्य वाचक युवा सन्त श्रीनिवासाचार्यज्यूको मुखारविन्दबाट कथा प्रवचन साथै विभिन्न धर्म सम्प्रदायका प्रखर गुरुहरुद्वारा कथा, प्रवचन, सपात कोटीहोम, विविध ज्ञान महायज्ञ हुने हुँदा सम्पूर्ण नगरवासीज्यूहरुमा हार्दिक आमन्त्रण गर्दछौं ।

**हाम्रा कार्यक्रमहरू:**

**पुस १५ गते पन्चधाम पन्चासेबाट अग्नि ल्याई आरती कुष्मादीप प्रज्ज्वलन गरिएको ।**

**कलश यात्रा :**
पुस २० गते विहान १०:०० बजेसम्म ।

**दैनिक हवन :**
विहान ६:०० बजेदेखि ११:०० बजेसम्म ।

**दैनिक प्रवचन :**
विहान १२:०० बजेदेखि ५:०० बजेसम्म ।

**दैनिक आरती :**
साँझ ५:०० बजेदेखि ६:०० बजेसम्म ।

**भजनकीर्तन :**
दैनिक साँझ ६:०० बजेदेखि ७:०० बजेसम्म ।


आयोजक:

**श्री रामभक्त हनुमान सेवा समिति, हेटौंडा**
**धर्मसभा विश्वहिन्दु महासंघ अन्तर्राष्ट्रिय**
**गोरक्षेश्वर क्षेत्र विकास समिति**

## मकवानपुरमा बढ्यो कोरोना संक्रमण

# आइतबार थपिए १७ संक्रमित

साझाकुरा संवाददाता




हेटौंडा/देशभरसँगै मकवानपुरमा पनि कोरोना भाइरस संक्रमण बढेको छ । गत भदौपछि क्रमशः घट्दो संक्रमित संख्या रहेको मकवानपुरमा आइतबार एकैदिन १७ जना नयाँ संक्रमित थपिएका छन् ।

जिल्लामा पछिल्लो २४ घण्टामा ६८ जनाको पीसीआर र एन्टिजेन परीक्षणमा उनीहरुमा कोरोना संक्रमण पुष्टि भएको जिल्ला जनस्वास्थ्य कार्यालय मकवानपुरले जनाएको छ । स्वास्थ्य कार्यालयका अनुसार, संक्रमण पुष्टि हुनेमा हेटौंडा उपमहानगरपालिकाका १६ जना र मनहरी गाउँपालिकाका एक जना रहेका छन् ।

यससँगै जिल्लामा कोरोना संक्रमण पुष्टि हुनेको कुल संख्या १५ हजार ६ सय २४ जना पुगेको छ । यस्तै, जिल्लामा पछिल्लो २४ घण्टामा ३ जना संक्रमणमुक्त भएका छन् भने संक्रमणबाट कुनै पनि व्यक्तिको मृत्यु भएको छैन । जिल्लामा हालसम्म संक्रमणमुक्त हुनेको कूल संख्या १५ हजार ३ सय ३० जना पुगेका छन् ।

जिल्लामा हालसम्म संक्रमणका कारण १ सय ६७ जनाको मृत्यु भएको छ । जिल्लामा हालसम्म हेटौंडाका १ सय १९ जना, थाहा नगरपालिकाका ९ जना, मकवानपुर गढीका ५ जना, बागमतीका ४ जना, कैलाशका २ जना, मनहरीका १४, भीमफेदीका ७, बकैयाका ५ जना र राक्सिराङ गाउँपालिकाका २ जनाको मृत्यु भएको छ । जिल्लाको इन्द्रसरोवर गाउँपालिकामा भने कोरोना संक्रमणका कारण हालसम्म कुनै पनि व्यक्तिको मृत्यु नभएको स्वास्थ्य कार्यालय मकवानपुरले जनाएको छ ।

नेपालमा दैनिक जसो कोरोना भाइरसको संक्रमण बढ्न थालेपछि कोभिड १९ व्यवस्थापन समितिको बैठकले आगामी माघ १५ गतेसम्म कक्षा १० सम्मको विद्यालय बन्द गर्न सिफारिस गरेको छ ।

आइतबार बसेको कोभिड-१९ संकट व्यवस्थापन समन्वय केन्द्र (सीसीएमसी) को बैठकले विद्यालय बन्दको निर्णय गरेको प्रवक्ता सुनीता नेपालले जानकारी दिइन् ।

बैठकले प्रमुख जिल्ला अधिकारीले सम्बन्धित जिल्लामा संक्रमणको अवस्था हेरेर स्मार्ट लकडाउन गर्न सक्ने निर्णय पनि सीसीएमसीसीले गरेको प्रवक्ता नेपालले बताइन् ।

## नेपाल जनस्वास्थ्य संघमा अधिकारी

हेटौंडा/नेपाल जनस्वास्थ्य संघको नयाँ नेतृत्व चयन भएको छ । संघको अध्यक्षमा बसन्त अधिकारी निर्वाचित भएका छन् ।

अधिकारीले पेशागत समूहका महेश्वर श्रेष्ठलाई २७ मतले पराजित गरेका हुन् । अधिकारी प्रगतिशिल समूहका हुन् । अधिकारीले ५ सय ९२ मत प्राप्त गरेका थिए । प्रतिद्वन्द्वी श्रेष्ठले ५ सय ६५ मत ल्याउँदा अध्यक्षमा उम्मेदवारी दिएर श्रेष्ठलाई समर्थन गरेका कृष्णमान शाक्यको पनि १९ मत आएको थियो । संघको उपाध्यक्षमा विमला भट्ट, महासचिवमा सागर दाहाल निर्वाचित भएका छन् ।

# जामे मस्जिदमा हुसैनको प्यानलनै विजयी

साझाकुरा संवाददाता

हेटौंडा/जामे मस्जिद समिति हेटौंडाको आठौं अधिवेशनबाट जाबेद हुसैनको प्यानलनै विजयी भएका छन् ।

शनिबार भएको निर्वाचन प्रक्रियाबाट निजामुद्दिन अन्सारीलाई १७ मतान्तरले पराजित गर्दै हुसेन अध्यक्षमा निर्वाचित भएका हुन् । समितिको उपाध्यक्ष कयस अन्सारी विजयी भएका छन् । उनले अर्का प्रतिस्पर्धी हातिम अन्सारीलाई पराजित गरेका हुन् ।

सचिव जाकिर हुसेन निर्वाचित भए । उनले निकटतम् प्रतिस्पर्धी शेख जाहेगिरलाई



पराजित गरे । कोषाध्यक्ष मुस्तफा अन्सारी निर्वाचत भएका छन् । उनले अन्जर साहलाई पराजित गरेका हुन् । समितिमा सदस्यहरुमा आजद अन्सारी, अब्दुल समद, तयस मिया अन्सारी, मो.जियाउल हक (समिर), रेयज अन्सारी र सल्मान खान निर्वाचित भएको जनाइएको छ । समितिको कार्यकाल ३ बर्षे कार्यकाल हुनेछ । जित हासिल गर्ने ११ सदस्यीय सबै हुसेनको प्यानलका हुन् ।


## हार्दिक बधाई



मकवानपुर भाडा व्यवसायी संघको तेस्रो साधारणसभा तथा दोस्रो अधिवेशनबाट **श्री संजय दास बानियाँ** ज्यू कोषाध्यक्ष जस्तो गरिमामय पदमा निर्वाचित हुनु भएकोमा र सम्पूर्ण कार्यसमिति सदस्यहरुलाई सफल कार्यकालको हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु ।

कृष्ण कुमार कंसाकार

**पूर्णिमा सप्लार्यस, हेटौंडा-२**



## हार्दिक बधाई



मकवानपुर भाडा व्यवसायी संघको तेस्रो साधारणसभा तथा दोस्रो अधिवेशन बाट **श्री सन्जे प्रसाद रौनियार** ज्यू महासचिव जस्तो गरिमामय पदमा निर्विरोध चयन हुनु भएकोमा र सम्पूर्ण कार्यसमिति सदस्यहरुलाई सफल कार्यकालको हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु ।

कृष्ण कुमार कंसाकार

**पूर्णिमा सप्लार्यस, हेटौंडा-२**


## साधारणसभामा उपस्थित हुनेबारे सूचना

यस सुन्दर बचत तथा ऋण सहकारी संस्था लिमिटेडको २०७८ पुस ३ गते बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार **तेह्रौं वार्षिक साधारणसभा** सम्बन्धी कार्यक्रम निम्न मिति, समय र स्थानमा आयोजना गरिने र उक्त साधारणसभाको पत्र पठाइसकिएको छ । पत्र प्राप्त नभएमा यसै सूचनालाई आधारमानी अनिवार्य उपस्थितिका लागि अनुरोध छ । साथै तपशिलका विषयहरुउपर गहन छलफल गरी उचित निर्णय गर्नुपर्ने भएकाले यहाँको सक्रिय सहभागिताको समेत अपेक्षा गर्दछु ।

**साधारणसभा सम्बन्धि कार्यक्रम:**

मिति: २०७८ पुष ३० गते शुक्रबार

स्थान: ॐ बृद्धाश्रमको सभाहल हेटौंडा-२ चौकीटोल


समय: विहान ११:३० बजेदेखि ५:०० बजेसम्म ।

**छलफलका विषयहरु:**

१) संचालक समिति र उपसमितिका प्रतिवेदनहरु छलफल र पारित ।
२) आ.व.२०७८/०७९ को बजेट तथा कार्यक्रम छलफल र पारित ।
३) आ.व.२०७७/७८ को ले.प.प्रतिवेदन छलफल र पारित ।
४) आ.व.२०७८/७९ को लेखापरीक्षक नियुक्ति र पारिश्रमिक निर्धारण ।
५) विधान संशोधन
६) विविध ।

सविन न्यौपाने (सचिव)


**सुन्दर बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
**हेटौंडा-१ चौकीटोल**


**गोर्खाली ट्रेड एण्ड सप्लायर्स**

हेटौंडा-४, रजतजयन्ती, ,फोन: ९८४१७७१६६४, ९८५५०३१६६४





**खुल्यो ! खुल्यो**

नयाँ व्यवस्थापनका साथ अमलेखगञ्जको जस्तै

लोकल कुखुरालगायत मासुको आइटमको मीठो स्वाद

*अब होटल म्याक्समा*

**होटल MAX**

हेटौंडा-३, बसामाडी, मो.नं. ९८४५०२५७२७


**HETAUDA CITY HOSPITAL PVT.LTD.**

*Hetauda-1, Sub-metropolitan*

***Phone: 057-520315***

**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | 14000-18000 | PCL/NHPC registered |
| 2 | Lab Technologist | 1 | 18000-25000 | BMLT/NHPC registered |
| 3 | CMA/ANM | Few | Negotiable | TSLC |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.


## हार्दिक बधाई



यस पाञ्चायन बचत तथा ऋण सहकारी संस्थाका सल्लाहकार **डा. गणेश बल लामा** दिव्यतारा बहुउद्देश्यीय सहकारी संस्थाको अध्यक्ष जस्तो गरिमामय पदमा निर्विरोध चयन हुनु भएकोमा सफल कार्यकालको हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु ।

प्रेमलाल श्रेष्ठ (अध्यक्ष)

**पाञ्चायन बचत तथा ऋण सहकारी संस्था लि. हेटौंडा**



## हार्दिक बधाई



यस पाञ्चायन बचत तथा ऋण सहकारी संस्थाका ऋण समिति संयोजक **ज्ञानेन्द्र बर्तौला** दिव्यतारा बहुउद्देश्यीय संस्थाको कोषाध्यक्ष जस्तो गरिमामय पदमा निर्विरोध चयन हुनु भएकोमा सफल कार्यकालको हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु ।

प्रेमलाल श्रेष्ठ (अध्यक्ष)

**पाञ्चायन बचत तथा ऋण सहकारी संस्था लि. हेटौंडा**



## हार्दिक बधाई



यस पाञ्चायन बचत तथा ऋण सहकारी संस्थाका सचिव **अक्कल सिं लामा** पतञ्जली योग समितिको हेटौंडा उपमहानगर अध्यक्ष जस्तो गरिमामय पदमा निर्विरोध चयन हुनु भएकोमा सफल कार्यकालको हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु ।

प्रेमलाल श्रेष्ठ (अध्यक्ष)

**पाञ्चायन बचत तथा ऋण सहकारी संस्था लि. हेटौंडा**



## हार्दिक बधाई



मकवानपुर भाडा व्यवसायी संघको तेस्रो साधारणसभा तथा दोस्रो अधिवेशनबाट **हेमराज बानियाँ** पुन: अध्यक्ष जस्तो गरिमामय पदमा निर्विरोध चयन हुनु भएकोमा र सम्पूर्ण कार्यसमिति सदस्यहरुलाई सफल कार्यकालको हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु ।

पवनकुमार कंसाकार (अध्यक्ष)
जेसीआई हेटौंडा, २०२२

**न्यु पशुपति सप्लायर्स हेटौंडा-२**



**www.sajhakuranews.com**

साझाकुरा

"तपाईं हामी सबैको कुरा"
हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।




प्रदेश सरकार
कृषि तथा सहकारी बिकास मन्त्रालय
कृषि विकास निर्देशनालय
**कृषि ज्ञान केन्द्र, चितवन**
बागमती प्रदेश

फोन : ०५६-५२०११५
इमेल :akcchitwan@gmail.com

भरतपुर, नेपाल

## बेमौसमी बर्षाका कारण धानवालीमा क्षति ब्यहोरेका कृषकहरु लक्षित गहुँ/तोरी वालीको मात्र बीउमा राहत बितरण कार्यक्रमको सुचना

*सुचना नं.: १४-२०७८/७९*

*प्रथम पटक प्रकाशित मिति:२०७८/०९/२६*

कृषि ज्ञान केन्द्र, चितवनको आ.व २०७८/७९ को स्वीकृत कार्यक्रम अनुसारबेमौसमी बर्षाका कारण धानवालीमा क्षति ब्यहोरेका कृषकहरु लक्षित गहुँ/तोरी वालीको बीउमा मात्र राहत बितरण कार्यक्रमको लागि चितवन र मकवानपुर जिल्लाका कृषकहरुले आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र (मिति २०७७/१०/१० सम्म) बेमौसमी बर्षाका कारण धानवालीमा क्षति ब्यहोरेका कृषकहरु लक्षित गहुँ/तोरी वालीको बीउमा राहत बितरण सम्वन्धि कार्यबिधि, २०७८ मा तोकिएको ढाचाँ (अनुसुची -१) अनुसारको संलग्न कागजात सहित स्थानीय तहको स्थानीय बिपद् व्यवस्थापन समिति/स्थानीय तहको कृषि शाखामा तपशिलमा उल्लेख भएका कागजात सहित निवेदन दर्ता गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**आवश्यक कागजातहरु**

१. रु १० को टिकट टाँस गरेको अनुसुची १ अनुसारको निवेदन
२. धान वाली क्षति भएको क्षेत्रफल खुल्ने प्रमाणीत कागजात र बिवरण
३. गहुँ/तोरी लगाईएको क्षेत्रफल खुल्ने प्रमाणित कागजात
४. प्रस्ताव पेश गर्ने जिम्मेवार ब्यक्तिको नागरिताको प्रतिलिपि
५. स्थानीय बिपद ब्यवस्थापन समितिको सिफारिस पत्र
६. धान वाली क्षति भएको कृषकको बैंक खाता/चेकको प्रतिलिपि
७. राहत प्रात्त गर्ने कृषकहरुले सोहि प्रकृतिको काममा अनुदान/राहत सुबिधा नलिईएको स्व घोषणा पत्र

**नोट:** १.स्थानीय तहले संकलन गरेको बिवरणको आधारमा सूचीकृत भएका कृषकहरु मात्र यो राहत प्राप्त गर्नको लागि योग्य हुनेछन । कार्यक्रम सम्बन्धि विस्तृत जानकारीको लागि कृषि तथा पशुपन्छी बिकास मन्त्रालय वागमती प्रदेश हेटौडाको वेब साइट http://molmac.bagamati.gov.np/ मा हेर्न र डाउनलोड गर्न सकिनेछ वा केन्द्रको फोन नं ०५६५२०११५ मा सम्पर्क गर्न सकिनेछ ।

युवराज पाण्डे

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना